# २३औं बैठक

आज मिति २०७५।०५।३० गतेका दिन दिउँसो १:३० बजेको समयमा धनगढी उप महानगरपालिकाका नगर प्रमुख श्री नृप बहादुर वडज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक देहायको उपस्थितिमा बसि देहाय अनुसारका निर्णयहरु गरियो ।

उपस्थिति :

| क्र.सं. | नाम | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | श्री नृप बहादुर वड | नगर प्रमुख | | |
| २ | श्री शुसिला मिश्र भट्ट | नगर उप-प्रमुख | | |
| ३ | सन्तोष मुडभरी | कार्यपालिका सदस्य | | |
| ४ | नर बहादुर बम | कार्यपालिका सदस्य | | |
| ५ | बल बहादुर ऐर | कार्यपालिका सदस्य | | |
| ६ | दिपक कुमार थाप क्षेत्री | कार्यपालिका सदस्य | | |
| ७ | हिरा सिंह पातली | कार्यपालिका सदस्य | | |
| ८ | भागीराम चौधरी | कार्यपालिका सदस्य | | |
| ९ | सिताराम राना | कार्यपालिका सदस्य | | |
| १० | नारायण वराल | कार्यपालिका सदस्य | | |
| ११ | प्रेम भण्डारी | कार्यपालिका सदस्य | | |
| १२ | राजेन्द्र राना | कार्यपालिका सदस्य | | |
| १३ | गंगा राम राना | कार्यपालिका सदस्य | | |
| १४ | गणेश प्रसाद जोशी | कार्यपालिका सदस्य | | |
| १५ | बिजय राज जोशी | कार्यपालिका सदस्य | | |
| १६ | राम बजारी चौधरी | कार्यपालिका सदस्य | | |
| १७ | फुल राम चौधरी | कार्यपालिका सदस्य | | |
| १८ | लक्ष्मी नारायण चौधरी | कार्यपालिका सदस्य | | |
| १९ | माधव राना | कार्यपालिका सदस्य | | |
| २० | मुरारी अधिकारी | कार्यपालिका सदस्य | | |

Scanned by CamScanner

| | | | | |
|---|---|---|---|---|
| २१ | तिलुराम चौधरी | कार्यपालिका सदस्य | | |
| २२ | सिता राना | कार्यपालिका सदस्य | | |
| २३ | बसन्त कुमार ठाकुर | कार्यपालिका सदस्य | | |
| २४ | कल्याणी सिंह | कार्यपालिका सदस्य | | |
| २५ | गीता पन्त | कार्यपालिका सदस्य | | |
| २६ | यशोधा भण्डारी | कार्यपालिका सदस्य | | |
| २७ | प्रेम बहादुर बि.क. | कार्यपालिका सदस्य | | |
| २८ | रिस्नी देवी चौधरी | कार्यपालिका सदस्य | रिस्नी | |
| २९ | प्रेम सिंह बिस्वकर्मा | कार्यपालिका सदस्य | | |
| ३० | चक्र पाणी पाण्डे | सचिव | | |

आमन्त्रित :

लेo अo सचिव श्री हरि प्रसाद उपाध्याय
डि० ई० श्री दिलराज भट्ट
उप० लेo प० श्री लोकनाथ ओझा
प्रशा० अधि० श्री सुरेन्द्र सिंह कार्की

Scanned by CamScanner

प्रस्ताव नं. २३.१ ई रिक्सा संचालन गर्ने सम्बन्धमा ।

निर्णय नं. २३.१

यस धनगढी उप महानगरपालिकाबाट विगतमा सेती यातायात व्यवस्था कार्यालय कैलालीमा सिफारिश भएका र यातायात कार्यालयमा दर्ता भई नम्बर प्राप्त गरेका ई रिक्साहरुलाई नयां प्रावधान अनुसार धनगढी उप महानगरपालिकाले ई रिक्साहरु दर्ता गरि नयां नम्बर दिने निर्णय गरियो । सो सम्बन्धी कार्यविधिको मस्यौदा तयार गर्न कार्यपालिका सदस्य प्रेम सिंह विश्वकर्माको संयोजकत्वमा कार्यपालिका सदस्य प्रेम बहादुर विश्वकर्मा र कल्याणी सिंह सदस्य रहने कार्यदल गठन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. २३.२

शान्ति पुर्ननिर्माण मन्त्रालय मार्फत जि.वि.स. मा निर्माणका लागि स्विकृत भई सम्झौता समेत भएको ५ तले कार्यालय भवन लाई न.पा. कम्पाउण्ड भित्र निर्माण गर्ने सम्बन्धमा ।

निर्णय नं. २३.२

जिल्ला प्राबिधिक कार्यालय र जि.स.स. कार्यालय कैलालीले पुर्ननिर्माण तथा पुर्नस्थापना कार्यक्रम अन्तर्गत कार्यालय भवन निर्माण का लागि मिति २०७४।१।२७ गते सूचना प्रकाशित (ठे.नं.DTO/KAT/NCB/W/BLD/01 ०७३।०७४ गरि भ्याट सहित रु.६,५७,७४,११६।७९ (अक्षेरुपी रु छ करोड सन्ताउन्न लाख चौहत्तर हजार एक सय सौह्र उनासी पैसा मात्र ) मा श्री कुमार श्रेष्ठ /उच्चाकोटी जे.भी.संग ठेक्का सम्झौता भई कार्य सम्पादन जमानत पत्रका आधारमा रु.९५,००,०००।०० (पन्चानब्बे लाख ) एडभान्स पेमेन्ट सहित उक्त निर्माण कम्पनीलाई भुक्तानी दिएको र नेपाल सरकारको निर्णयानुसार पुर्ननिर्माण तथा पुर्नस्थापना कार्यक्रम (शान्ति तथा पुर्ननिर्माण मन्त्रालय ) स्थानीय तह बारे संचालन गर्ने व्यवस्था मिलाए अनुसार उक्त योजना स्थानीय तहमा हस्तान्तरण भई आएकोले (२०७४।१०।२ मा माननीय अर्थ मन्त्री स्तरीय निर्णय ,(२०७४।१२।०६ )को द्वन्दोत्तर शान्ति तथा पुर्ननिर्माण परियोजनाको पत्र) सो भवन निर्माणको सम्बन्धी सम्पूर्ण कागजात जिल्ला प्राबिधिक कार्यालयको च.नं. ३०७, मिति २०७५।०१।२४ गते को पत्रबाट यस कार्यालयमा हस्तान्तरण भएको छ । यसरी हस्तान्तरण भई आईसके पछि उक्त कार्य संघीय सरकारको विशेष अनुदानबाट कार्यान्वयन गर्ने गरी बजेट व्यवस्थापन समेत गरिएको अवस्था र यस धनगढी उप महानगरपालिका नगर कार्यपालिकाको कार्यालयका लागि पनि एउटा व्यवस्थित कार्यालय भवनको आवश्यकता भएकोले उक्त भवनको पुरानो निर्माण site जि.स.स. कम्पाउण्ड बाट यस नगरपालिका कम्पाउण्डमा सार्ने र सो का लागि साविकको Design मा नयाँ site अनुसार केहि संशोधन समेत गर्ने गरी निर्माण कार्य अगाडी बढाउने निर्णय गरियो ।

कार्यालय भवन सम्बन्धि विवरण

१. जम्मा तल्ला संख्या ,५

२. प्लिन्थ एरिया (३३६।८० वर्ग मि.

प्रस्ताव नं. २३.३

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १३ बमोजिम न्युनतम दररेट निर्धारण गर्ने सम्बन्धमा ।

निर्णय नं. २३.३

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १३ बमोजिम न्युनतम दररेट निर्धारण गर्नु पर्ने भनिएकोमा यस धनगढी उप - महानगरपालिकाले आफ्नो क्षेत्र भित्र आ. व. २०७५।७६ को लागि मिति २०७५।०४।१० गते बसेको जिल्ला दररेट निर्धारण समितिको निर्णयलाई आधार मानी सो दररेटमा समाबेश नभएका केही आइटम समेत थप गरी आ.व. २०७५।०७६ का लागि तयार भएको नगर दररेट (०७५।०७६) स्वीकृत गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. २३.४

तेस्रो नगर सभाबाट स्वीकृत योजनाहरुको नाम ठेगाना र बजेट रकम संसोधन गर्ने सम्बन्धमा ।

निर्णय नं. २३.४

तेस्रो नगर सभा बाट स्वीकृत योजनाहरुको नाम ठेगानामा संसोधन गर्न योजना शाखाबाट माग भए बमोजिम तपसिलका योजनाहरुको नाम ठेगाना र बजेट रकममा संसोधन गर्ने निर्णय गरियो ।

Scanned by CamScanner

## संसोधन गर्नु पर्ने योजनाहरु

रु हजारमा

| भएको | | | | | | हुनुपर्ने | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| कार्यक्रममा भएको क्रम संख्या | कार्यक्रम/आयोजनाको नाम | एकाई | आर्थिक वर्ष २०७५/७६ को लक्ष्य वार्षिक परिमाण | आर्थिक वर्ष २०७५/७६ को लक्ष्य वार्षिक बजेट | बजेट शिर्षक | कार्यक्रम/आयोजनाको नाम | एकाई | आर्थिक वर्ष २०७५/७६ को लक्ष्य ( संसोधित ) वार्षिक परिमाण | आर्थिक वर्ष २०७५/७६ को लक्ष्य ( संसोधित ) वार्षिक बजेट | बजेट शिर्षक | |
| पूँजीगत खर्च | | | | | | | | | | | |
| १५८ | टिप्पर संचालन ( ग्राभेल सडक मर्मत गर्ने काम ) | गोटा | १ | १०००० | ३११५१ | टिप्पर तथा ब्याको लोडर संचालन खर्च ( ग्राभेल सडक मर्मत ) | गोटा | १ | ७००० | ३११५१ | योजनाको नाम ससोधन |
| | | | | | | ट्याक्टर संचालन (सरसफाई) | गोटा | १ | ३००० | ३११५८ | योजना थप |
| ३८२ | धनगढी उप महानगरपालिका १७ शिवगंगा नदी तटबन्धन | मि. | १ | २००० | ३११५४ | धनगढी उप महानगरपालिका १७ शिवगंगा नदी तटबन्धन | गोटा | १ | १८०० | ३११५४ | घटाउनु पर्ने |
| | | | | | | धनगढी - १७ पथरी खुटिया नदी रघुइया भन्ने ठाउमा तटबन्ध निर्माण गर्ने काम | गोटा | १ | २०० | ३११५४ | अधुरो योजना को भुक्तानी दिंनु पर्ने भएकोले कार्यक्रम थप गर्नु पर्ने |
| ४५२ | सर सफाई संरचना निर्माण | गोटा | २ | ५००० | ३११५८ | सर सफाई संरचना निर्माण | गोटा | १ | ३००० | ३११५८ | घटाउनु पर्ने |
| | | | | | | फर्निचर / फर्निसिंग | पटक | १ | २००० | ३१११५ | कार्यक्रम थप गर्नु पर्ने |
| ४६१ | धनगढी उप-महानरपालिका - १ नैनादेवी टोलमा पक्कि नाली निर्माण | कि.मि. | २ | १०००० | ३११५८ | धनगढी उप-महानरपालिका - १ नैनादेवी टोलमा पक्कि नाली निर्माण | कि.मि. | २ | ८००० | ३११५८ | घटाउनु पर्ने |
| | | | | | | मेसिनरी औजार | पटक | १ | २००० | ३११२२ | कार्यक्रम थप गर्नु पर्ने |
| ५०६ | धनगढी उप-महानरपालिका - ७ सरस्वती मा.वि. परिसरमा माटी फिलिङ कार्य | घ.मि. | | ५०० | ३११५९ | धनगढी उप-महानरपालिका - ७ सरस्वती मा.वि. भवन निर्माण | गोटा | १ | ३०० | ३१११२ | कार्यक्रम थप गर्नु पर्ने |
| | | | | | | धनगढी उप-महानरपालिका - ७ मनेहरा मंचको छाना निर्माण | पटक | १ | २०० | ३१११२ | कार्यक्रम थप गर्नु पर्ने |

Scanned by CamScanner

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ५२२ | धनगढी उप-महानरपालिका - १९ दुर्गा मन्दिर निर्माण | गोटा | १ | २०० | ३११५९ | धनगढी उप-महानरपालिका - १४ बि गाउ दुर्गा मन्दिर निर्माण | गोटा | १ | २०० | ३११५९ | वडा संसोधन |
| ६०९ | नव दुर्गा मन्दिर घेरबार | गोटा | १ | १०० | ३११५९ | धनगढी उप-महानरपालिका - १९ आई गाउ नव दुर्गा मन्दिर घेरबार | गोटा | १ | १०० | ३११५९ | वडा संसोधन |
| पुँजीगत खर्च जम्मा | | | | १५८००. | | | | | १५८०० | | |
| चालु खर्च | | | | | | | | | | | |
| २५१. | अध्यन अवलोकन भ्रमण | N/A | १. | २५००. | २२५२२. | अध्यन अवलोकन भ्रमण | N/A | १ | १५०० | २२५२२ | घटाउनुपर्ने |
| | | | | | | तिज ,होलि,गौरा , दिपावली लगायतका सास्कृतिक कार्यक्रम संचालन | पटक | १ | ५०० | २२५२२ | कार्यक्रम थप गर्नु पर्ने |
| | | | | | | विभिन्न राष्ट्रिय दिवस संचालन | पटक | १ | ५०० | २२५२२ | कार्यक्रम थप गर्नु पर्ने |
| चालु खर्च कार्यक्रमको जम्मा | | | | २५००. | | | | | २५०० | | |
| कुल खर्च जम्मा | | | | १८३००. | | | | | १८३०० | | |

**प्रस्ताव नं. २३.६**

**संविधान दिवस मनाउने सम्बन्धमा ।**

**निर्णय नं. २३.६**

**प्रदेश सरकार आन्तरिक मामिला तथा कानून मन्त्रालय प्रदेश नं.७ धनगढी कैलालीको च.न.२०९ मिति २०७५।०५।२७ गतेको पत्रानुसार र संविधान दिवस भब्य रुपमा मनाउने सन्दर्भमा प्रदेश स्तरिय मूल समारोह समितिको मिति २०७५।०५।२७ को निर्णय अनुसार यस उप महानगरपालिकाले मन्च ब्यवस्थापन गर्ने जिम्मेवारी तोकेकोले यस उप महानगरपालिकाले मन्च ब्यवस्थापन र सरसफाई कार्य गर्नुका साथै नगरपालिका कार्यालयले संविधानग दिवसको उपलक्ष्यमा स्थानिय कला संस्कृति झल्कने झाँकीहरुको ब्यवस्थापन गर्ने र उक्त कार्य गर्दा लागेको खर्च विल अनुसार भुक्तान गर्ने निर्णय गरियो ।**

**प्रस्ताव नं. २३.७**

**आर्थिक सहायता कार्यविधि र स्वयंसेवक सम्बन्धि कार्यविधि मस्यौदामा आवश्यक छलफल गर्ने सम्बन्धमा ।**

**निर्णय नं. २३.७**

**आर्थिक सहायता कार्यविधि र स्वयंसेवक सम्बन्धि कार्यविधि सम्बन्धी विधेयकमा आवश्यक छलफल गरि थप संसोधनका लागि विधियेक समितिलाई जिम्मेवारी दिने निर्णय गरियो ।**

[redacted]

प्रस्ताव नं. २३.८

उद्योग, व्यवसायीहरुबाट लिईने व्यवसाय करका सम्बन्धमा ।

निर्णय नं. २३.८

तेश्रो नगर सभाबाट पारित भएका उद्योग, व्यवसायीहरुबाट लिईने व्यवसाय करका सम्बन्धमा केही उद्योग तथा वयवसाय छेटेका देखिंदा के कस्ता उद्योग, व्यवसायहरु छुटेका छन, तीनलाई व्यवसाय करको दायरामा ल्याउन अध्ययन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. २३.९

भारतको झांसीमा आगामी महिनामा हुने कृषि प्रदर्शनी तथा भ्रु कार्यक्रममा सहभागिताको सम्बन्धमा ।

निर्णय नं. २३.९

भारतको झांसीमा आगामी महिनामा हुने कृषि प्रदर्शनी तथा भ्रु कार्यक्रममा देहाय बमोजिमको सहभागिता गराउने र सो को नियमानुसारको खर्च व्यहोर्ने निर्ण गरियो ।

तपसिल :

कार्यपालिका सदस्य श्री रिस्नी चौधरी

कार्यपालिका सदस्य श्री फुलराम चौधरी

कार्यपालिका सदस्य श्री तिलुराम चौधरी

कृषकहरु :

वडा नं. ५ बाट १ जना

वडा नं. ६ बाट १ जना

वडा नं. ७ बाट १ जना

वडा नं. ८ बाट १ जना

वडा नं. ९ बाट १ जना

वडा नं. ११ बाट १ जना

वडा नं. १२ बाट १ जना

वडा नं. १४ बाट १ जना

वडा नं. १७ बाट १ जना

वडा नं. १८ बाट १ जना

वडा नं. १९ बाट १ जना

प्रस्ताव नं. २३.१०

आर्थिक सहयोग सम्वन्धमा ।

निर्णय नं. २३ .१०

यस धनगढी उप-महानगरपालिका कार्यालयमा आर्थिक सहयोग पाउ भनी पर्न आएका निबेदनका सम्बन्धमा तपसिल बमोजिमका व्यक्तिहरू तथा संस्थालाई तपसिल बमोजिमको आर्थिक सहायता रकम उपलब्ध गराउने निर्णय गरियो ।

क) थारु कल्याणकारीणीको केन्द्रिय अबिधेशन रु १५,०००।- (अक्षरुपी पन्ध हजार मात्र)

Scanned by CamScanner

ख) श्री बैधनाथ क्षेत्र बिकास संस्था,अछाम, लक्ष्य हबनात्मक अर्धकुम्भ श्री मदभागवत ज्ञान महायज्ञ महोत्सबका लागी रु २१,०००।–(अक्षरुपी एक्काईस हजार मात्र)

ग) घरेलु महासघ कैलालीलाई ३ दिने तिज महोत्सब र उधमशिलता प्रदर्शनी कार्यकमका लागी रु ५५,०००।–(अक्षरुपी पचपन्न हजार मात्र)

घ) वडा नं.१ शिबनगर टोलमा वडा स्तरिय तिज कार्यकमका लागी रु ११,०००।–(अक्षरुपी एघार हजार मात्र)

ङ) वडा नं.११ बेला तालमा गौरा पर्ब प्रबर्धन कार्यकमका लागी रु ११,०००।–(अक्षरुपी एघार हजार मात्र)

च) वडा नं.११ धनगढी डप्स प्रतियोगिता २०७५ कार्यकमका लागी रु ११,०००।–(अक्षरुपी एघार हजार मात्र)

छ) वडा नं.१० बुरपाक कप भलिबल प्रतियोगिता (राना जनचेतना) कार्यकमका लागी रु २५,०००।–(अक्षरुपी पच्चिस हजार मात्र)

ज) वडा नं.१३ श्रीलंका जनसेवा युवा क्लबलाई रु २५,०००।–(अक्षरुपी पच्चिस हजार मात्र) (खेलकुद)

ज) वडा नं.८ राम जानकीमन्दिरलाई रु १५,०००।–(अक्षरुपी पन्ध हजार मात्र) (सम्मान कार्यकम जग्गा दान गर्नेलाई)

ज) जेष्ठ नागरिक संग १ दिने बिबिध कार्यकमका लागी रु ५१,०००।–(अक्षरुपी एकाउन्न हजार मात्र)

झ) वडा नं.३ आकाश अधिकारी बर्ष १२ लाई (क्यान्सर बिरामी) रु ११,०००।–(अक्षरुपी एघार हजार मात्र)

**प्रस्ताव नं. २३.११**

नगर प्रमुख ज्यूको मंगोलिया भ्रमण सम्बन्धमा ।

**निर्णय नं. २३ .१०**

यस धनगढी उप-महानगरपालिकाका नगर प्रमुख नृप बहादुर वडलाई 2-5 Oct 2018 सम्म Intergovermental Eleventh Regional Enviromentally sustainabal transport(EST)Forum in Asia को आयोजनामा संचालन हुने कार्यकममा भ्रमण खर्च आयोजक संस्थाले ब्यहोर्ने गरी भ्रमणमा सहभागि हुन जाने निर्णय गरियो ।

**प्रस्ताव नं. २३.११**

निर्माण व्यवसायको इजाजत पत्र सम्बन्धमा ।

**निर्णय नं. २३.११**

निर्माण व्यवसायको इजाजत पत्र यस धनगढी उ.म.न.पा. बाट (ऐन ,नियमको परिधिभित्र रही ) तपसिलका निर्माण व्यवसायलाई इजाजत पत्र उपलव्ध गराउने निर्णय गरियो ।

**तपसिल**

| क्र.स | दर्ता मिति | फर्मको नाम | व्यवसायको ठेगाना | निवेदकको नाम थर | फोन नम्बर |
|---|---|---|---|---|---|
| १ | २०७५।०५।०४ | पुवार कन्स्टक्सन | ध.उ.म.न.पा-०३ | बिष्णु बहादुर खडका | ९८४८५२११९८<br>९८२५५६११८० |
| २ | २०७५/५/१७ | खप्तड रामारोशन बिल्डर्स | ध.उ.म.न.पा-२ | गङ्गा बुढा | ०९१-४१६६१५ |

Scanned by CamScanner